३. सम्भाव्य विपदको अवस्थालाई दृष्टिगत गर्दै सबै निकाय, संघसंस्था सदैव पूर्व तयारी अवस्थामा रहने, विपद उद्दार कार्यमा प्रयोग हुने सामग्री, उपकरण चालु अवस्थामा राख्ने, आवश्यक सामग्रीको खरिद गर्ने तथा निकायगत समन्वयलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

४. विपदका घटनामा उद्दार कार्यलाई सहज हुने गरी आवश्यक स्थानहरुमा हेलिप्याडको निर्माण गरी जिल्ला विपद व्यवस्थापन समितिलाई जानकारी गराउन स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति २०७१ को दफा १० (१) बमोजिमको समितिको मिति २०७६।०७।०५ निर्णयानुसार नुवाकोट जिल्ला साविक जिलिङ गाविस वडा नं ५ हाल बेलकोटगढी न.पा. वडा नं ८ को कित्ता नं १४४ क्षेत्रफल २५-१२-१-० को सरकारी ज़ग्गा बेलकोटगढी नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि लिजमा उपलब्ध गराउन सिफारिस भएको सन्दर्भमा यस समितिमा छलफल हुँदा उपरोक्त जग्गा रहेको स्थान वरिपरी पर्याप्त मात्रामा खुला स्थान रहेको, प्रकोप उद्दार तथा व्यवस्थापनका लागि अन्य वैकल्पिक स्थान रहेको तथा विपद जोखिमका दृष्टिले उपरोक्त जग्गा सुरक्षित समेत रहेको देखिएको साथै उपरोक्त जग्गाको उचित संरक्षणका लागि समेत बेलकोटगढी नगरपालिकालाई उपलब्ध गराउन उपयुक्त हुने देखिएको हुँदा उपरोक्त जग्गा बेलकोटगढी नगरपालिकालाई लिजमा उपलब्ध गराउन श्री गृह मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

६. मिति २०७६।०५।२८ देखि मिति २०७६।०९।२१ गतेसम्म विपदका विभिन्न घटनामा पीडित व्यक्तिहरुलाई जिल्ला प्रशासन कार्यालय नुवाकोटबाट नेपाल सरकारको मापदण्ड बमोजिम प्रदान गरपएको राहत रकम रु १ लाख ७ हजार अनुमोदन गर्ने निर्णय गरियो ।

७. जिल्लाको किस्पाङ गा.पा. वडा नं १ बस्ने मंगल घलेको छोरा बर्ष ९ को सरिस घले मिति २०७६।०६।०९ का दिन विद्यालयबाट घर फर्किने क्रममा स्याङवर खोला तर्दै गर्दा उक्त खोलाले बगाई बेपत्ता भएको हुँदा निजको परिवारलाई राहत स्वरुप रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

२०७६।३।२६